IT

# पाँचथर जिल्ला अदालतबाट प्रकाशित

## १५ दिने सूचना

## (बिगो नं. ४३, तहसिल शाखा)

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला वादी जिल्ला पर्वत जलजला गाउँपालिका वडा नं. ४ घर भई हाल म्याग्दी जिल्ला बेनी नगरपालिका वडा नं. ९ बस्ने सुजना रकाल हमाल र प्रतिबादी जिल्ला सुनसरी धरान उपमहानगरपालिका वडा नं. १३ बस्ने वर्ष ५० को सचिन क्षेत्री भएको मु.नं. ०७९-C४-००२० को चेक अनादर मुद्दामा म्याग्दी जिल्ला अदालतबाट मिति २०८०/०५/२६ को फैसला बमोजिम वादीले प्रतिवादीबाट साँवा रु.३२,००,०००।– (बत्तिस लाख) र त्यसको कानून बमोजिमको ब्याँज रु.१२,७३,७२२।२३(बाह्र लाख त्रियहत्तर हजार सात सय बाइस रुपैंया तेइस पैसामात्र) समेत भराई पाऊँ भनी वादीको दरखास्त परी कारवाहीक्रममा म्याग्दी जिल्ला अदालतबाट प्रतिवादीको नाममा १५ दिने म्याद जारी भई प्रतिवादीले यस जिल्ला अन्तर्गतको बिगो भराउने जेथा देखाई निवेदन दिएकोले फैसला कार्यान्वयनको बाँकी कारवाही गर्नका लागि सो को सक्कलै मिसिल यस अदालतमा प्राप्त भएकोले तपसिल बमोजिमको प्रतिवादी सचिन क्षेत्रीको नाममा दर्ता रहेको जेथाको डाक लिलाम गरी बिगो भराईदिनका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त जेथाको पञ्चकिर्ती मूल्य मिति २०८२/०१/११ मा कायम भईसकेकोले विगोले खामेसम्मको जेथा पञ्चकिर्ती मूल्यका दरले मिति २०८२।०२।२२ गतेमा डाक लिलाम हुने गरी बिगो भराईदिनका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना तपसिलको जग्गामा-१, हिलिहाङ गा.पा. १ नं. वडा कार्यालयमा-१, मालपोत कार्यालय, फिदिममा-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ। डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०८२/०२/२२ गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढाबढमा भाग लिनुहोला। पञ्चकिर्ती मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ उसैले डाक सकार गरी लिन पाउनेछ। आँफूले डाक बोलेको रकमको १०% रकम सोही दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम विक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने वेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं | दर्तावाला | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | पञ्चकिर्ती मूल्य (प्रति रोपनी) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिन क्षेत्री | पाँचथर | दोरुम्बा | ४ख | १०१ | १-०-१-२ | रु.६०,०००।- | |
| २ | सचिन क्षेत्री | पाँचथर | दोरुम्बा | ४ख | ९९ | ८-११-०-३ | रु.६०,०००।- | |
| ३ | कि.नं. ९९ रहेको कच्ची दुई तले घरको एकमुष्ठ मुल्य | | | | | | रु.२,००,०००।- | |

ईति सम्वत २०८२ साल वैशाख ३० गते रोज ३ शुभम्---------------------------------------